# नेपाल सरकार

# अर्थ मन्त्रालय

# आन्तरिक राजस्व विभाग

# व्यवस्थापन गोष्ठी (२०, २१ र २२ श्रावण २०७३)

# बुढानिलकण्ठ घोषणापत्र, २०७३

आन्तरिक राजस्व विभाग मुलुकको आन्तरिक राजस्व संकलन तथा व्यवस्थापन गर्ने एक महत्वपूर्ण निकाय हो । यस विभागद्वारा आर्थिक वर्ष २०७२/०७३ मा आयकर रु ११७ अर्ब १३ करोड, आन्तरिक तर्फको मूल्य अभिवृद्धि कर रु ४९ अर्ब ८२ करोड, आन्तरिक तर्फको अन्तःशुल्क रु ३६ अर्ब १९ करोड, स्वास्थ्य सेवा कर रु ७२ करोड र शिक्षा सेवा शुल्क रु ५६ करोड गरी कुल रु २०४ अर्ब ४३ करोड कर राजस्व संकलन गरिएको छ । गत आर्थिक वर्षमा संकलन गरिएको कर राजस्व विगत वर्षमा असुली गरिएको कर राजस्वभन्दा २८ प्रतिशतले वृद्धि भई लक्ष्यको तुलनामा १०५ प्रतिशत प्रगति हासिल भएको छ । कुल गार्हस्थ्य उत्पादनमा मूल्य अभिवृद्धि कर, आयकर र अन्तःशुल्कको अनुपात क्रमशः ५.४३, ५.०२ र ३.०९ प्रतिशत रहेको छ । कुल राजस्व परिचालनमा आन्तरिक राजस्व विभागको योगदान करिब ४२.३५ प्रतिशत रहेको छ । यस अवधिसम्ममा कुल १४,४२,८१८ करदाताहरु करको दायरामा समाहित भएका छन् जुन कुल जनसंख्याको करिब ४.७ प्रतिशत हुन आउंछ । यी मध्ये व्यावसायिक स्थायी लेखा नम्बर (PAN) लिने करदाता ८,४०,०१८ तथा व्यक्तिगत स्थायी लेखा नम्बर लिने करदाता ६,०२,८०० रहेका छन् । व्यावसायिक स्थायी लेखा नम्बर लिने मध्ये मूल्य अभिवृद्धि करतर्फ १,६४,०२४ र अन्तःशुल्कतर्फ ४२४९५ करदाता दर्ता रहेका छन् । व्यावसायिक स्थायी लेखा नंवर लिनेमध्ये करिब ९८ प्रतिशत करदाताहरुले e-filing गरिरहेका छन् ।

वित्तीय स्थायित्व एवम् आर्थिक वृद्धिको लागि सुदृढ वित्त संरचना निर्माण गर्ने, कर प्रणालीको सुदृढीकरण गर्दै दिगो रुपमा आन्तरिक वित्तीय स्रोत परिचालन गर्ने, छरितो कार्यविधि एवं विद्युतीय शासन पद्धति मार्फत् कर सहभागिता लागत एवं संकलन लागत न्यून गर्ने उद्देश्यले पञ्चवर्षीय रणनीति, ३ वर्षीय सुधार योजना, वार्षिक नीति तथा कार्यक्रम र विभागद्वारा विभिन्न समयमा घोषणा गरिएका प्रतिबद्धता एवं नीतिहरुलाई आत्मसात् गर्दै २०७३ साल श्रावण २०, २१ र २२ गते बुढानिलकण्ठमा सम्पन्न व्यवस्थापन गोष्ठीबाट चालु आर्थिक वर्ष २०७३/०७४ मा तपसिल बमोजिमका कार्य सम्पादन गर्ने सामूहिक प्रतिबद्धता व्यक्त गर्दछौं ।

तपसिल

१. आर्थिक वर्ष २०७३/०७४ को लागि निर्धारण गरिएको कुल राजस्व संकलनको लक्ष्य रु ५६६ अर्ब मध्ये यस विभागलाई निर्दिष्ट गरिएको रु. २३३ अर्ब ६० करोड शीर्षकगत रुपमा संकलन गरिनेछ ।

२. कुल आयकरमा स्रोतमा संकलन गरिने करको योगदान कम्तीमा ३० प्रतिशत पुऱ्याइनेछ ।

३. चालु आर्थिक वर्षदेखि सबै सरकारी निकायहरुलाई अनिवार्य रुपमा स्थायी लेखा नंबर (PAN) लिनु पर्ने गरी PAN for All व्यवस्था गरिनेछ । ती निकायहरुले भुक्तानीको समयमा स्रोतमा कर कट्टी गरेको रकमलाई विद्युतीय माध्यमबाट राजस्व दाखिला गर्ने व्यवस्था मिलाइनेछ ।

४. वक्यौता राख्ने करदाताहरुको अभिलेख राखी वक्यौता असुलीको कारवाहीलाई तिव्रता दिइनेछ । अटेर गर्ने करदाताहरुलाई अन्तिम तहको कारवाही गरिनेछ ।

५. हालसम्म कायम भएको फछ्र्यौट हुन बाकी बेरुजुमध्ये चालु आ.व.मा कम्तीमा ७५ प्रतिशत बेरुजु सम्परीक्षण गरिनेछ ।

६. मूल्य अभिवृद्धि करको Non-filer को सीमा ठूला करदाता कार्यालय तथा आन्तरिक राजस्व कार्यालय काठमाडौं क्षेत्र नं १, २, र ३ को हकमा एक प्रतिशतभन्दा तल र अन्य कार्यालयको हकमा १५ प्रतिशतभन्दा तल कायम राखिनेछ ।

७. शिक्षा सेवा शुल्क तथा स्वास्थ्य सेवा कर प्रयोजनको लागि दर्ता रहेका करदाताहरुले पेश गर्ने विवरणलाई यस आर्थिक वर्षभित्र कम्प्युटर प्रणालीमा आबद्ध गरिनेछ ।

८. आय विवरण पेश गर्ने म्याद थप सम्बन्धी निवेदनलाई online मार्फत् प्राप्त गर्ने, पेश गर्ने र सोही माध्यमबाट स्वीकृति दिने व्यवस्थालाई कार्यान्वयनमा ल्याइनेछ ।

९. आन्तरिक राजस्व विभागले विकास गरेको एकीकृत कर प्रणाली (Integrated Tax System) को प्रभावकारी कार्यान्वयनको लागि सूचना, संचार र प्रविधि सम्बन्धी कार्य संचालन निर्देशिका (Information, Communication and Technology Standard Operating Procedure) निर्माण गरी २०७३ माघ मसान्तभित्र जारी गरिनेछ ।

१०. हाल प्रयोगमा ल्याइएको (Standard International Trade Code - SITC) को परिमार्जन गर्ने सम्बन्धमा विज्ञबाट प्राप्त प्रतिवेदनलाई कार्यान्वयनमा ल्याइनेछ ।

११. विद्युतीय माध्यमबाट करको भुक्तानी गर्ने (e-Payment) व्यवस्थालाई सरोकारवाला निकायहरु (Stakeholder) संग समन्वय गरी यसै आर्थिक वर्षदेखि ठूला करदाता कार्यालयमा दर्ता भएका करदाताको लागि आयकर, मूल्य अभिवृद्धि कर तथा अन्तःशुल्क भुक्तानी गर्न सकिने गरी कार्यान्वयनमा ल्याइनेछ ।

१२. करदातालाई कारोबारको प्रकृति, क्षेत्र तथा आकारको आधारमा वर्गीकरण एवं राजस्व जोखिम पहिचान गरी त्यस्ता करदाताको अनुसन्धानात्मक कर परीक्षण तथा चालु वर्षको कर परीक्षण कार्य सम्पन्न गरिनेछ ।

१३. व्यवसायको प्रकृति अनुरुपका फरक फरक कर परीक्षण प्रतिवेदनको ढांचा तयार गरी सबै कार्यालयमा पूर्ण रुपमा कार्यान्वयनमा ल्याइनेछ ।

१४. आन्तरिक राजस्व विभागको यस वर्ष सम्पन्न हुने ५ वर्षे रणनीतिक योजना (Startegic Plan) को मूल्याङ्कन गरी प्राप्त निष्कर्षको आधारमा आगामी आर्थिक वर्षदेखि लागू हुने गरी दोस्रो ५ वर्षे रणनीतिक योजना Strategic Plan तयार गरिने छ ।

१५. प्रशिक्षण रणनीति स्वीकृति गरी सोही आधारमा सम्पूर्ण कर्मचारीहरुलाई विषयगत तालिम दिने व्यवस्था गरिनेछ । सहभागीले तालिम कार्यक्रममा देखाएको सक्रियता तथा हासिल गरेको ज्ञान एवं सीपको वस्तुगत मूल्यांकन गरी सोही आधारमा स्वदेशी तथा विदेशी तालिममा सहभागी गराइने छ ।

१६. प्रशासकीय पुनरावलोकनका लागि निवेदन दिने करदाताहरुलाई आफ्नो जिकिर विभाग समक्ष प्रत्यक्ष रुपमा राख्नको लागि इजलास खडा गरी सुनुवाईको अवसर दिने सम्बन्धमा गत वर्षदेखि थालनी गरिएको पद्धतिलाई थप व्यवस्थित र प्रभावकारी बनाइनेछ ।

१७. आन्तरिक राजस्व विभाग र मातहतका कार्यालय प्रमुख बीच निर्दिष्ट कार्यगत लक्ष्य हासिल गर्न गत वर्ष प्रारम्भ गरिएको कार्यसम्पादन सम्झौता प्रणालीलाई निरन्तरता दिइनेछ ।

१८. कर चुहावट नियन्त्रण गर्दै जाने प्रयोजनका लागि तोकिएका करदाताहरुमा Electronic Cash Register कार्यान्वयन गरिनेछ ।

१९. विद्युतीय प्रणालीबाट विजकको प्रयोग बढाउने प्रयोजनको लागि डिपार्टमेन्टल स्टोर र व्यावसायिक संरचनामा रहेका करदाताले अनिवार्य रुपमा विद्युतीय प्रणालीबाट विजक जारी गर्ने व्यवस्थाको कार्यान्वयन गरिनेछ ।

२०. अन्तःशुल्क सुदृढीकरणको लागि स्वचालित प्रणाली अद्यावधिक गरी मदिरा, वियर, वाइन, चुरोट, लगायतका सूर्तिजन्य तथा मदिराजन्य वस्तुमा लगाउदै आएको अन्तःशुल्क स्टिकरलाई प्रविधिमा आधारित अनुगमन र परीक्षण गर्न सक्ने Track and Trace System लागू गर्ने सन्दर्भमा आवश्यक अध्ययन गरी सोको लागि यसै आ.व. भित्र टेण्डर प्रकाशन गरिनेछ ।

२१. आगामी ५ वर्षभित्र अर्थात् आ.व. २०७७०७८ सम्ममा आन्तरिक राजस्व विभाग अन्तर्गतका सवै कार्यालयको आफ्नो जग्गा तथा भवनको व्यवस्थापन गर्ने गरी नक्सांकन, डिजाइन लागत अनुमान एवं बजेट व्यवस्थापन समेतका कार्य प्रकृया अगाडि बढाइनेछ ।